प्रदेश सरकार
उधोग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय
प्रदेश न. १,झापा

## कृषि वन कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति :पूर्वाञ्चल दैनिक २०७६।२।२५(शनिबार)

यस कार्यालयको आ.व.०७५।७६ को नेपाल सरकारद्धारा हस्तान्तरित सशर्त कार्यक्रम तर्फको स्विकृत बार्षिक बृक्ष सुधार, बृक्षारोपण तथा निजी बन कार्यक्रम अर्न्तगत कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम र कृषि बन विकास तथा विस्तार कार्यक्रम गरी दुई ओटा कृयाकलापहरु सञ्चालन गर्नु पर्ने भएकोले झापा जिल्लामा कम्तिमा १ बिघा जग्गामा कृषि वन योजना सञ्चालन गर्न ईच्छुक नीजी कृषी वन संचालकहरु सार्वजनीक जग्गामा कृषि वन संचालन गरेका संघसंस्था,संजाल तथा समूहहरुले तोकिएको ढाँचा र तपसिलका शर्तहरु अधिनमा रही निम्न कार्यक्रम मध्ये एक कृषक/संस्थाबाट कुनै एक कार्यक्रमका लागि मात्र प्रस्ताव पेश गर्न यो १० दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.न. | कार्यक्रमको नाम | इकाई | परिमाण | स्विकृत रकम (रु) हजारमा |
|---|---|---|---|---|
| १ | कृषि वन प्रणाली प्रवर्धन कार्यक्रम | प्याकेज | १ | ४००।०० |
| २ | कृषि वन विकास तथा विस्तार कार्यक्रम | प्याकेज | १ | ११००।०० |

**शर्तहरु**

क) प्रस्तावको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ । पेश गरिने प्रस्तावको फायलको बाहिर प्रस्तावकको नाम,ठेगाना,सम्पर्क नम्बर र प्रस्तावको नाम उल्लेख गर्नु पर्नेछ ।

ख) प्रस्ताव डिभिजन वन कार्यालय,झापा, भद्रपुरमा २०७६।३।०२गते भित्र कार्यालय समयमा दाखिला गर्नुपर्नेछ । दाखिला गर्दा निम्न बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

- रु.१० को टिकट टाँसेको आवेदन पत्र,(अनुसुची २ अनुसार), नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि (व्यक्तीको हकमा) , संस्थाको हकमा दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर प्रमाण पत्र, हालसालको करचुक्ता प्रमाणपत्र, बार्षिक नविकरण , आयकर दर्ता प्रमाण पत्र
- तोकीएको विवरण सहितको व्यवसायीक योजना
- कृयाकलाप संचालन हुने स्थानको जग्गाधनी प्रमाण पत्र , हालसालैको तिरो रसीदको प्रतिलिपी, किता देखीने प्रमाणीत नक्शा

ग) कृषि वन संचालनका लागि तोकिएको जग्गा कम्पनिको आफनो नाममा वा प्रोपाईटर वा संचालक सदस्यको नाममा दर्ता भएको हुनु पर्नेछ ।

घ) हैसीयत बिग्रेको सार्वजनीक जग्गा वा २० प्रतिशत भन्दा कम छत्र घनत्व भएको सामुदायिक वनको क्षेत्रमा कृयाकलाप संचालन गरिने भए संवन्धित समितिको स्विकृती र संवन्धित स्थानियत तह , सब डिभिजन वन कार्यालयको सिफारीस अनिवार्य पेश गर्नु पर्नेछ ।

ङ) कृषि वन संचालनका लागि आवश्यक पर्ने जग्गा खरीद गर्न वा लिजमा लिन प्रस्तावक स्वयंले लगानी गर्नुपर्नेछ । यस्तो खर्च अनुदान रकममा समावेश गर्न पाईने छैन ।

च) कृषि वन संचालनका लागी कृषक/उधमी/सहकारी/संघसंस्थाले माग गरेको अनुदान रकम बराबर शत प्रतिशत थप लागत व्यहोर्नु पर्नेछ ।

छ) अनुदानमा प्राप्त हुने रकमबाट बिऊ,बिरुवा खरीद, रोपण, जमीन तयारी,मल,प्रविधि विस्तार,सिँचाई,मेसीनरी,औजार लगायतका बस्तु तथा सेवा खरीद गर्न सकीनेछ ।

ज)अनुदान रकम प्राप्त गर्ने प्रस्तावकले सम्झौता भएको सात दिन भित्र कार्य शुरु गरी २०७६ असाढ २० गते भित्र कार्य सम्पन्न गरिसकेको हुनुपर्नेछ । समयमा कार्य सम्पन्न नगरेमा अनुदानमा प्राप्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ

झ) प्रस्ताव आह्वान सम्बन्धि थप जानकारी चाहिएमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

ञ) प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ ।

ट) अन्य शर्त प्रचलित कानुन ( ऐन नियम, निर्देशिका र कार्यविधि) बमोजिम हुनेछ ।

सम्पर्कको लागि ठेगाना
डिभिजन वन कार्यालय,भद्रपुर,झापा
फोन न. ०२३४५५०५३फयाक्स : ०२३४५५१८९, ईमेल : jpadfo@dof.gov.np